# सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

## प्रथम पटक सुचना प्रकाशित मिति : २०८०।०९।१५

नौमुले गाउंपालिका/सबैका लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा संचालित तपशिलमा उल्लेखित खानेपानी तथा सरसफाइ योजनाहरुको लागी आयोजना खरिद निर्देशिका बमोजिम खानेपानी तथा सरसफाइ योजना निर्माणमा प्रयोग हुने निर्माण सामाग्रीहरु, पाइप तथा फिटिङ्स् एवम् औजारहरु खरिद गर्नु पर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, उपलब्ध गराइएको स्पेशिफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न सर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्म वा सप्लायर बाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

शर्तहरु :

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटिंगसहरु सप्लाइ सम्वन्धी दरभाउ पत्र फाराम प्रति फारम रु.३०००। अक्षरुपी तिन हजार रुँपैया मात्र (पछि फिर्ता नहुने गरी) नौमुले गाउंपालिका स्थीत एनएमबी बैंकमा नौमुले गाउंपालिकाको आन्तरिक राजस्व खाता १०४००७१७१२४०००७४ मा नगद जम्मा गरेको सक्कल भौचर सहित लिखित निवेदनको साथमा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्र अद्यावधिक कर चुक्ताको प्रमाण पत्र निवेदन साथ संलग्न राखी यो सुचना प्रकाशित भएको मितिले १५औ दिनको कार्यालय समय भित्र नौमुले गाउंपालिकाको कार्यालय वा आयोजना सहयोग इकाई, सुर्खेत बाट सुचना प्रकाशन भएको १५ औ दिन सम्म खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपुर्वक भरी सुचना प्रकाशित भएको सोह्रौ दिनको १२ बजे भित्र नौमुले गाउंकार्यपालिकाको कार्यालय वा सबैका लागी दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना वास ईकाइ नौमुले शाखामा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कल भौचर सहित फाराम सिलबन्दी गरी उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामाग्रीहरु, सिमेन्ट, पाइप तथा फिटिंगहरु सप्लाई सम्वन्धि दरभाउपत्र भन्ने व्यहोरा लेख्नु पर्नेछ । निर्माण सामाग्रीको हकमा सबै सामग्रीको गुणस्तर दरभाउपत्रमा खुलाइए बमोजिम हुनुपर्ने छ । सिमेन्टको हकमा ओ.पि.सी. सिमेन्ट हुनुपर्ने छ ।

३. सिलवन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थितभई वा हुलाक वा कुरियर मार्फत समेत पशे गर्न सकिने छ । हलाक वा कुरियर मार्फत पठाइएको सिलवन्धी दरभाउपत्र सुचना प्रकाशित मितिले सोह्रौ दिनको १२ बजे भित्र प्राप्त भैसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी समितिले योजना नजीकको टकजाने स्थान वा योजना स्थल सम्म ढुवानी भै चेक जांच भएपछि मात्र गर्ने छ । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु सुचना प्रकाशन भएको मितिले सोह्रौ (१६) दिनको २:०० बजे - पौष २० गते ) नौमुले गाउंपालिकाको कार्यालय नौमुलेमा सयुक्त खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधि र दरभाउ पत्र दाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनमा विक्रि गरिने छ, दर्ता गरिने वा खोलिने छ ।

७. दरभाउ पत्रमा दररेट लेख्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्ने छ, दर रेट लेख्दा दिइएको कोलुमभित्र लेख्नु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिकरुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०. दरभाउ पत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन, यस सम्वन्धी थप शर्तहरु दरभाउपत्र फारम साथै उपलब्ध गराईने छ, अन्य शर्तहरु शर्तहरु आयोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ, थप शर्तहरु दरभाउ पत्र साथै संलग्न गरिएको छ ।

११. यो सुचनामा केही संसोधन गर्नु परेमा सो को सुचना नौमुले गाउंपालिकाको सुचना पाटीमा टास गरिनेछ ।

१२. दरभाउपत्र पेश गर्ने सप्लायरले उपभोक्ता समितिले प्रमाणित गरेको परिमाण सूची (Bill of Quantities) मा मात्र दरभाउ पेश गर्नुपर्नेछ । अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

१३. अन्य थप जानकारी चाहिएमा नौमुले गाउंपालिका नौमुले दैलेख वा ९८६८०१९११५ नंम्बरमा सम्पर्क गर्न सकिने छ ।

खरिद समिति

योजनाहरुको नाम :

१. साउनेधारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, दैलेख जिल्ला, नौमुले गाउंपालीका , वडा नं. १ खजुरी
२. सिरेनी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, दैलेख जिल्ला, नौमुले गाउंपालीका , वडा नं. ३ सिरेनी।
३. जाप्लाजोगीधारा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, दैलेख जिल्ला, नौमुले गाउंपालीका , वडा नं. ४ भरभरे
४. सिस्नेरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, दैलेख जिल्ला, नौमुले गाउंपालीका , वडा नं. ५ भित्रीखोला
५. तल्लोनाउली खानेपानी तथा सरसफाई उपभोक्ता समिति, दैलेख जिल्ला, नौमुले गाउंपालीका , वडा नं. ६ तल्लो नाउली

खरिद समिति संयोजक